आज मितिः २०८२।०३।०५ गतेका दिन विहानको ८:३० बजे बाह्रविसे नगरपालिकाको नगर प्रमुख श्री बालकृष्ण बस्नेतज्यूको अध्यक्षतामा नगरपालिका कार्यपालिकाको ९० औं कार्यपालिकाको बैठक देहायको कार्यापालिकाका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

तपसिल उपस्थितः-

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बालकृष्ण बस्नेत | नगर प्रमुख | |
| २ | मन्जु तामाङ | उपप्रमुख | |
| ३ | आङदोर्जे शेर्पा | वडा नं.१ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | रेशम बहादुर तामाङ | वडा नं.२ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | जिवन कुमार भण्डारी | वडा नं.३ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | सेखर वहादुर भण्डारी | वडा नं.४ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्याम वहादुर तामाङ | वडा नं.५ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | कुल वहादुर श्रेष्ठ | वडा नं.६ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | डिमा शेर्पा | वडा नं.७ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १० | बिमल प्रसाद पौड्याल | वडा नं.८ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ११ | कृष्ण वहादुर राय | वडा नं.९ वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| १२ | दापासाङ शेर्पा | बा.न.पा.वडा नं.२/कार्यपालिका सदस्य | |
| १३ | लेख कुमारी रोक्का | बा. न.पा. वडा नं.३/कार्यपालिका सदस्य | |
| १४ | सन्तमाया श्रेष्ठ | बा.न.पा. वडा नं.४/कार्यपालिका सदस्य | सन्तमाया |
| १५ | गेदकुमारी कार्की | बा.न.पा. वडा नं.५/कार्यपालिका सदस्य | गेदकुमारी |
| १६ | डिमादोर्जे शेर्पा | बा.न.पा. वडा नं.६/कार्यपालिका सदस्य | |
| १७ | निमा शेर्पा | बा.न.पा. वडा नं.७/कार्यपालिका सदस्य | |
| १८ | राजकुमारी तामाङ | बा.न.पा.वडा नं.८/कार्यपालिका सदस्य | |
| १९ | पदममाया तिमल्सीना | बा.न.पा.वडा नं.९/कार्यपालिका सदस्य | पदममाया |
| २० | ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव | |

**प्रस्तावहरु:-**

१.बाह्रविसे नगरपालिकाको १७ औं नगर सभा सम्वन्धमा ।
२.आर्थिक विद्येयक २०८२ सम्वन्धमा ।
३.विनियोजन विद्येयक २०८२ सम्वन्धमा ।
४.आर्थिक बर्ष २०८२।०८२ को बजेट तथा कार्यक्रम सम्वन्धमा ।
५.कक्षा ११ र कक्षा १२ सञ्चालित विद्यालयहरुमा अनुदान निकासा सम्वन्धमा ।
६.१० बर्षे स्थानीय शिक्षा योजना स्वीकृत सम्वन्धमा ।
७.प्रारम्भिक वातावरणीय परीक्षण[IEE] स्वीकृत तयार गर्ने सम्वन्धमा ।
८.आन्तरिक आय ठेक्का बन्दोवस्त गर्ने सम्वन्धमा ।
९.योजना तथा कार्यक्रहरुहको भुक्तानी सम्वन्धमा ।
१०.धन्यवाद ज्ञापन सम्वन्धमा ।
११.स्थानीय विपद् प्रतिकार्य योजना सम्वन्धमा ।
१२.विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७९,संशोधन सम्वन्धमा ।
१३.नगर अनुदान शिक्षक व्यवस्थापन सम्वन्धमा ।

**निर्णयहरु:-**

१.प्र.नं.१ माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको १७ औं नगर सभा मिति:-२०८२।०३।०८ गते दिनको ११ :०० बजे नगरपालिकाको सभाहल खुर्सानीबारीमा वस्ने निर्णय गरियो ।

२.प्र.नं.२,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको राजश्व परामर्श समितिद्धारा आर्थिक ऐन,२०८१ को केही दफाहरुमा समय सापेक्ष संशोधन गरि पेश भएको आ.व.०८२।०८३ को लागि बनेको आर्थिक विद्येयक, २०८२ सर्वसहमतीमा पारित गरि स्वीकृतीको लागि १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

३.प्र.नं.३, माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आर्थि बर्ष २०८२।०८३ को लागि बनेको विनियोजन विद्येयक,२०८२ सर्वसहमतीमा पारित गरि स्वीकृतीको लागि १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४.प्र.नं.४,माथि छलफल गर्दा आीर्थक वर्ष २०८२।०८३ को बजेत तथा कार्यक्रम देहाय वमोजिम रहेको हुँदा सो बजेट तथा कार्गक्रम सर्वसहमतीमा पारित गरि स्वीकृतीको लागि १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपशिल:-

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क.स. | विवरण | रकम रु. | क.स. | विवरण | रकम रु. |
| १ | संघीय समानिकरण अनुदान | १२८९०००००।०० | १ | संघीय राजश्वबाँडाफाँड | ८५८८५६९२।०० |
| २ | संघीय राजश्वबाँडाफाँड | ८५८८५६९२।०० | २ | बागमती प्रदेश राजश्वबाँडफाँड | ५२०८७१९१।०० |
| ३ | बागमती प्रदेश समानिकरण | १३९४६०००।०० | ३ | संघीय शसर्त | २४५९०००००।०० |
| ४ | बागमती प्रदेश राजश्वबाँडफाँड | ५२०८७१९१।०० | ४ | बागमती प्रदेश शसर्त | १८७५८०००।०० |
| ५ | स्थानीय राजश्वबाँडाफाँड | ९७३२६००।०० | ५ | बागमती प्रदेश विशेष अनुदान | ७००००००।०० |
| ६ | स्थानीय कर | ७५७५०००।०० | ६ | बागमती प्रदेश समपुरक अनुदान | २३००००००।०० |
| ७ | मध्येभोटेकोशी प्रभावित क्षेत्रविकास | १०६०००००।०० | ७ | सबै वडाहरु | ४५००००००।०० |
| ८ | संघीय शसर्त | २४५९०००००।०० | ८ | शिक्षा शाखा | ४०००००००।०० |
| ९ | बागमती प्रदेश शसर्त | १८७५८०००।०० | ९ | स्वास्थ्य शाखा | १०००००००।०० |
| १० | बागमती प्रदेश विशेष अनुदान | ७००००००।०० | १० | विपद व्यवस्थापन | १५००००००।०० |
| ११ | बागमती प्रदेश समपुरक अनुदान | २३००००००।०० | ११ | लागत साझेदारी | २८००००००।०० |
| | जम्मा | ६०३३८४४८३।०० | १२ | कृषि कार्यक्रम | २५०००००।०० |
| | | | १३ | पुश सेवा कार्यक्रम | २५०००००।०० |
| | | | १५ | समग्र पूर्वाधार जन्य योजना | २७७५३६००।०० |
| | | | १६ | जम्मा | ६०३३८४४८३।०० |

नोट: यस बजेटमा नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ को मौजुदा रकम समावेश गरिएको छैन, सो रकम रेडवुकमा समावेश गरे पश्चात यसै बजेटको अङ्ग मानिनेछ ।

५.प्र.नं.५,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाबाट कक्षा ११ र कक्षा १२ सञ्चालन भएका देहाय वमोजिमका विद्यालयहरुलाई नि:शुल्क शिक्षा कार्यक्रम अन्तर्गतको नगरपालिकाबाट उपलव्ध गराउने रकम निकासा गर्ने निर्णय गरियो ।

तपशिल:-

| क.स. | विद्यालयको नाम | ठेगाना | निकास हुने अनुदान रकम |
|---|---|---|---|
| १ | श्री सुनकोशी मा.वि. | बाह्रविसे-२ | २९३०००।- |

| | | | |
|---|---|---|---|
| २ | श्री क्षमादेवी मा.वि. | बाह्रविसे-३ | ५१४०००।- |
| ३ | श्री शारदा मा.वि. | बाह्रविसे-४ | १२२८५००।- |
| ४ | श्री बच्छलादेवी मा.वि. | बाह्रविसे-७ | ४९४०००।- |
| ५ | श्री भद्रकाली मा.वि. | बाह्रविसे-८ | ५१४०००।- |

६.प्र.नं.६,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको शिक्षा शाखाबाट नगरपालिकाको लागि निर्माण गरेको १० बर्षे स्थानीय शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो ।

७.प्र.नं.७,माथि छलफल गर्दा नदीजन्य पदार्थ,ढुङ्गा,गिट्टी,बालुवा,उत्खनन,संकलनको लागि बाह्रविसे नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण [IEE] २०८२, स्वीकृत गर्ने निर्णय गरियो ।

८.प्र.नं.८,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको स्वीकृत [IEE] २०८२, प्रतिवेदन बमोजिम आ.व.०८२।०८३ को लागि नदीजन्य पदार्थ,ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल,रोडा दहत्तर बहत्तरको आन्तरिक आय शुल्क संकलन गर्न दुवै खण्डहरु(खण्ड-क, खण्ड-ख) क्षेत्रका जम्मा ११ स्थानबाट हुने एकमुष्ठ कूल परीमाण ६४९१४।१५ घनमिटर अर्थात २२९२४२३।७३ घनफिटको बागमती प्रदेश सरकारको आर्थिक ऐन.,२०८१ को दफा ९ (१) र सो सँग सम्वन्धित अनुसूची-५ बमोजिमको दररेट अनुसार हुने एकमुष्ठ न्यूनतम शुल्क रु.१६०४६९७२।६२(मु.अ.क.बाहेक) अक्षरुपी एक करोड साठीलाख छयालीस हजार नौसय बहत्तर रुपैयाँ बैसठी पैसा मात्र) कायम गरी शुल्क रकम वढावढमा ठेक्का लगाउने निर्णय गरियो ।

९.प्र.नं.९,माथि छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को विभिन्न कार्यपालिका वैठकबाट निर्णय भै कार्यान्वयमा रहेको देहाका योजना तथा कार्यक्रमहरु डी.पी.आर निर्माण कार्य भै सो डी.पी.आरको प्राविधिक सुझाव सहित पेश हुन आएका तपशिल वमोजिमका योजनाहरुको कानुन सम्वत भएको हुँदा भुक्तानी दिने निर्णय गरियो ।

तपशिल:-

| क्र.स. | योजना तथा कार्यक्रम | भुक्तानी दिने संस्था/क.लि. | रकम |
|---|---|---|---|
| १ | दोलंसा किदोर्जे कालिन्चोक सडक बानपा-१ | भाईब्रेन्ट ग्रिट ईन्जिनियरिङ प्रा.लि. | १४९३०००।- |
| २ | बाह्रविसे क्षमादेवी दुरुमथली तोङमार सडक बानपा-४,२ र १ | प्रिसाइज बिल्डर्स | १४८९०००।- |
| ३ | नगरपालिकाको मध्येकालिन खर्च संरचना निर्माण र नगरपालिकास्तरीय आवधिक योजना निर्माण | हेडलाइट प्रा.लि. | ११९२०००।- |
| ४ | अंगेरीपाखा पाहुना घर र हेलिप्याड निर्माण | प्रोग्रेस आर्किटेक्ट्स एण्ड इन्जिनियर्स सर्भिसेज प्रा.लि. | ९९४४००।- |

१०.प्र.नं.९,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आ.व.०८१।०८२ को बजेट तथा कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि,कर्मचारी एवं सरोकारवाला सवैमा धन्यवाद ज्ञापन गर्दै आ.व.०८२।०८३ को नीति तथा कार्यक्रम,बजेट तथा कार्यक्रम निर्माणमा सहयोग गर्नु हुने सम्पूर्ण जनप्रतिनिधि,कर्मचारी लगाएत सरोकारवाला सवैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

११.प्र.नं.११,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकामा विपद न्यूनिकरण कार्यक्रमलाई सहज बनाउने उद्देष्यले २०८२।०८३ को लागि तयार भएको स्थानीय विपद् प्रतिकार्य योजना पास गर्ने निर्णय गरियो ।

१२.प्र.नं.१२,माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन कार्यविधि,२०७९ को दफा(५)को उपदफा(८)को बुँदा नं.७ मा विपद् पर्दाको वखत अन्तरपालिका,अन्तर प्रदेशमा जहाँ दुखद घटना हुँदा उक्त पालिका वा प्रदेश र संघीय सरकार बाट जारी भएको ऐन तथा कार्यविधि सँग नबाझिने गरि नदग तथा जिन्सी सामग्रीहरु कार्यपालिकाको निर्णय बमोजिम सहयोग दिन र लिन सक्ने व्यहोरा निर्णय गरियो ।

१३.प्र.नं.१३,माथि छलफल गर्दा बाह्रविसे नगरपालिका वडा नं.२,स्थित 'श्री सेतीदेवी आ.वि.मा शिक्षक संख्या न्यून भएकोले न्यूनतम तलब सुविधा उपलव्ध गराउने गरि १ जना नगर अनुदान शिक्षक व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४. प्र.नं.१४, माथि छलफल गर्दा बाह्रविसे नगरपालिकाको आन्तरिक स्रोत व्यवस्थापन नभएको हुँदा नगरपालिकामा मध्येभोटेकोशी आयोजनाबाट प्राप्त रकम रु.५ करोडबाट भुक्तानी हुने गरि देहायका योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल:-

क) नगरपालिकाको व्याकहोइ मेसिन मर्मत भुक्तानी रकम रु.८०६३८६।-

ख) कार्यालय प्रमुख गाडी मर्मत भुक्तानी रकम रु.७४७१९५।-

ग) कर्थली स्वास्थ्य चौकी भवन निर्माण सवलीकरण रु.६०००००।-

घ) अंगेरीपाखा पाहुनाघर निर्माण (स्रोत भर्ना हुने गरी) ४००००००।-

ङ) उपप्रमुख गाडी मर्मत रु.३३१९६९।-